स्वशासन अध्ययन प्रतिष्ठान

Institute of Local Governance Studies

(Inlogos)

को

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०६२/६३ (२००५/०६)

स्वशासन अध्ययन प्रतिष्ठान
अनामनगर, काठमाडौं
फोन नं. ०१६२२०१९५, ४१०२५३४
email : inlogos@wlink.com.np

स्वशासन अध्ययन प्रतिष्ठान

नेपाल जस्तो बहुजातीय, बहुभाषिक र भौगालिक विविधता भएको मुलुकमा केन्द्रीय शासन प्रणालीबाट जनस्तरको सेवा सुलभ गराउन नसक्ने र प्रजातान्त्रिक मूल्य र मान्यता अनुरुपको शासन व्यवस्था कायम गर्न नसकिने भएकाले नै स्थानीय स्वायत्त शासन प्रणालीको आवश्यकताको बोध भएको हो ।

गैरसरकारी क्षेत्रबाट स्थानीय स्वायत्तको पैरवी गर्ने, विज्ञ सेवा प्रदान गर्ने, अनुसन्धान तथा अध्ययन गर्ने, सूचनाको सञ्जालभित्र सबैलाई समेटी स्थानीय स्वायत्तताको जानकारी प्रवाह गर्ने संस्थाको खाँचो चौतर्फी रुपमा महशुस भएकाले यस क्षेत्रका विज्ञ, विकास पेशेवार, सहजकर्ता र नीति निर्माताहरुको सामूहिक प्रयासबाट 'स्वशासन अध्ययन प्रतिष्ठान' गठन गरी संचालन गरेको हो । यो प्रतिष्ठान वि.सं. २०६२ वैशाखमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई समाज कल्याण परीषद्संग समेत आवद्ध भएको छ । यस प्रतिष्ठानका उद्देश्यहरु निम्न बमोजिम छन् ।

- स्थानीय स्वायत्त शासन पद्दतिको पैरवी गर्ने र यसका सिद्धान्त, नीति, व्यवहारसँग सम्बद्ध विविध पक्षमा सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा मूल्यांकनगरी प्रकाशन गर्ने र सूचना प्रवाह गर्ने ।
- स्थानीय निकायहरु र त्यस्ता निकायहरुको संघ/महासंघहरुको क्षमता विकासको लागि सहभागितात्मक कार्यक्रम संचालन गर्ने, कार्यशाला, गोष्ठी वा तालिम संचालन गर्ने, स्थानीय निकाय र केन्द्रीय निकायहरु बीचको समन्वय र सहयोगलाई सवल गराई निक्षेपणमुखि बनाउन मद्दत गर्ने ।
- सार्वजनिक र नीजि क्षेत्रबीचको सहकार्यलाई प्रबर्धन गर्न सहयोग पुऱ्याउने, स्थानीय स्तरमा पूँजी निर्माण र पूँजी बजार व्यवस्थाका लागि सहयोग पुऱ्याउने ।
- स्थानीय स्वायत्तताको पक्षमा राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्जालको कार्य गर्ने र त्यस्ता संस्थाहरुसँग सहयोग आदान-प्रदान गर्ने र स्वयंसेवक तथा विज्ञहरुको परिचालन गर्ने ।
- महिला र विकासमा पछि परेका समूदायलाई विकासको मूल प्रवाहमा ल्याउन सहयोग पुऱ्याउने ।

यी उद्देश्य प्राप्त गर्नको निम्ति प्रतिष्ठानले स्थानीय निकाय, दातृ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्य गर्ने रणनीति अवलम्वन गरिएको छ । साथै यस प्रतिष्ठान मार्फत स्थानीय स्तरका विकास निर्माणका कार्यहरुलाई सहजीकरण गर्न उपयुक्त प्रविधिको प्रवर्द्धन, तालिम, कार्याशाला, गोष्ठीहरुको आयोजना, निर्देशिका तथा कार्यविधिको प्रकाशन, मापदण्डको तर्जुमा तथा सहयोगी पुस्तकहरुको प्रकाशन गर्नेछ ।

यस प्रतिष्ठानमा संलग्न कर्मचारीहरु विभिन्न क्षेत्रमा लामो समयसम्म कार्यरत भई विगतमा समेत स्थानीय निकायहरुको प्रवर्द्धनको निम्ति कार्य गरिआएका छन् । यो संस्थाले छोटो अवधिमा समेत स्थानीय निकायमा कार्यरत संस्थाहरुसँग सहकार्य गरी योजना तर्जुमा, अध्ययन, निर्देशिकाको प्रकाशन, तालिमको कार्यक्रमको आयोजना सम्मन्न गरेको छ । हाल यस संस्थाको कार्य समितिमा ८ जना छन् , ३१ जना संस्थापक सदस्यहरु, १ जना आजिवन सदस्य र तिन संस्था संस्थागत सदस्य रहेका छन् ।

आ.व. ०६२/०६३ मा प्रतिष्ठानले हासिल गरेका उपलब्धीहरु

१. प्रतिष्ठानको प्रथम साधारणसभा सम्पन्न

यस प्रतिष्ठानको विधानको दफा ११ को उपदफा (१) मा उल्लेख भए बमोजिम प्रतिष्ठानको प्रथम साधारणसभा २०६२ आश्विन १९ गते सम्पन्न भएको छ । उक्त साधारणसभामा यस प्रतिष्ठानका २८ आजीवन सदस्य तथा ३ संस्थागत सदस्यका ३ प्रतिनिधि सहित ३१ जनाको उपस्थिति रहेको थियो । यस साधारणसभाको अध्यक्षता प्रतिष्ठानका कार्यकारी अध्यक्ष श्री खेमराज नेपालले गर्नुभएको थियो । सो साधारणसभामा उपाध्यक्ष श्री बिरेन्द्र बहादुर देउजाले स्वागत मन्तव्य प्रकट गर्दै प्रतिष्ठानको हालसम्मको गतिविधि सन्तोषजनक रहेको तथा सम्पूर्ण सदस्यहरुको सक्रियताबाट आगामी दिनमा प्रतिष्ठानको गतिविधि अझ विस्तार गर्ने तर्फ जोड दिनुभएको थियो ।

प्रतिष्ठानका कोषाध्यक्ष श्री वंशीधर घिमिरेले आ.व.०६१।०६२ को लेखा परीक्षण प्रतिवेदनलाई साधारणसभाले स्वीकृत गऱ्यो र सो आ.व.०६१।०६२ मा कार्यसमितिले आ.व. ०६२।०६३ को निम्ति समेत लेखा परीक्षण गर्नको निम्ति घनश्याम श्रेष्ठ एण्ड कम्पनीका श्री घनश्याम श्रेष्ठलाई नियुक्ति गर्ने निर्णयलाई समेत सर्वसम्मतले पारित गर्ने निर्णय भयो । विधानको दफा २६ अनुसार कार्यसमितिबाट तर्जुमा भएको स्वशासन अध्ययन प्रतिष्ठानको विनियम २०६२ लाई प्रतिष्ठानका कार्यकारी अध्यक्ष श्री खेमराज नेपालबाट साधारणसभामा प्रस्तुत हुँदा सो विनियमलाई सर्वसम्मतले अनुमोदन गरी लागु गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरेको थियो ।

यस प्रतिष्ठानको आ.व. २०६१।०६२ को कार्य प्रगति प्रतिवेदन तथा आ.व. ०६२।०६३ को कार्यक्रम र बजेट कार्यसमितिका सचिव एवं प्रतिष्ठानका निर्देशक श्री मनोज खडकाले प्रस्तुत गर्नुभएको थियो । आगामी वर्षको निम्ति समेत विगतमा जस्तै स्थानीय स्तरको सुदृढीकरणको निम्ति तालिम, अध्ययन, निर्देशिकाको तयारी, विविध बिषयहरुको प्रतिवेदन प्रकाशन जस्तै कार्यहरु प्रतिष्ठानबाट जारी रहने कार्यक्रम प्रस्तुत भएको थियो । आगामी वर्षको निम्ति प्रतिष्ठानको विविध कार्यक्रमबाट १ करोड बजेट समेत प्रस्तुत भएको थियो । सो कार्यक्रम तथा बजेटलाई साधारणसभाका सदस्यहरुद्वारा सामान्य छलफल तथा सुझावहरु प्रदान गरी स्वीकृत गर्ने निर्णय भएको थियो ।

प्रतिष्ठान स्थापना गर्दा गठन गरिएको कार्यसमितिलाई नै एक कार्यकालको निम्ति सर्वसम्मत तवरबाट निर्वाचन गर्ने निर्णय भएको थियो र सो कार्यसमिति देहाय बमोजिम रहेको छ ।

१.	श्री खेमराज नेपाल	कार्यकारी अध्यक्ष
२	श्री बिरेन्द्र बहादुर देउजा	उपाध्यक्ष
३.	श्री बंशीधर घिमिरे	कोषाध्यक्ष
४.	श्री सूर्यशरण रेग्मी	सदस्य
५.	श्री दामोदर अधिकारी	सदस्य
६.	श्री रामबाबु पन्त	सदस्य
७.	श्री पद्मामोहिनी माथेमा	सदस्य
८.	श्री मनोज खडका	सचिव/निर्देशक

साधारणसभामा प्रतिष्ठानका सदस्यहरुबाट संस्थागत सुदृढीकरणका निम्ति विभिन्न सुझावहरु प्रस्तुत गरिएका थिए । सो साधारण सभालाई कार्यकारी अध्यक्ष श्री खेमराज नेपालले प्रतिष्ठानलाई आगामी दिनमा अझ सशक्त र प्रभावकारी रुपमा अगाडि लैजानुपर्ने खाँचो रहेको जनाउँदै यसमा सम्पूर्ण सदस्यहरुले आफ्नो लगनशीलता, प्रतिष्ठा एवं अनुभवहरुलाई प्रतिष्ठानका गतिविधि संचालन गर्न प्रयोग गरिनुपर्ने बताउनु भयो । प्रतिष्ठानले समेत आगामी दिनमा आफ्नो उद्देश्य परिपूर्ति गर्नको निम्ति विभिन्न दातृसंस्था, स्थानीय निकायहरुसँग सहकार्य गर्ने पर्ने आवश्यकतामा जोड दिनुभएको थियो । साथै कार्यकारी अध्यक्षले प्रतिष्ठानका आउँदा दिनमा गरिने कार्यमा सबैको सहयोगको आशा राख्दै सभाको समापन गर्नुभएको थियो ।

२. काठमाडौं महानगरपालिकाको कर्मचारीको अभिलेख तथा फाइलिङ् व्यवस्थापनको अध्ययन

यस प्रतिष्ठानबाट काठमाडौं महानगरपालिकाका कर्मचारीका अभिलेख र फाइलिङ् व्यवस्थापनको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न का.म.पा.सँग असारमा सम्झौता गरी अध्ययन कार्य भएको छ । अध्ययनको विषयमा कर्मचारी अभिलेख सूचना प्रणाली व्यवस्थित गर्न सहयोग पुऱ्याउने, दरबन्दी व्यवस्थापन प्रणाली व्यवस्थित गर्न सहयोग पुऱ्याउने, पेन्सन र उपदान व्यवस्थापन प्रकृया सरल बनाउने र तलबी प्रतिवेदन पारित गर्ने परिपाटी बसाउन सघाउने आदि मुख्य रुपमा राखिएको छ ।

३. प्रस्ताव तयार तथा प्रतिवेदन लेखन तालिम

यस प्रतिष्ठानले डेनिस सरकारको विकेन्द्रिकरण सहयोग एकाई (DASU/Danida) को सहयोगमा श्रावण १७ देखि २३ सम्म प्रस्ताव तयारी तथा प्रतिवेदन लेखनको तालिम आयोजना गरेको थियो । यस तालिममा विकेन्द्रीकरण, स्थानीय स्वायत्त शासनको क्षेत्रमा कार्यरत १७ वटा सरकारी तथा गैरसरकारी क्षेत्रका संस्थाहरुबाट २४ जना उच्च पदस्थ कर्मचारीहरुको सहभागिता थियो । यस तालिमको उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. नारायण खड्का, डासु/डानिडाका प्रमुख प्राविधिक सल्लाहकार डा. हिक्मत विष्ट तथा यस प्रतिष्ठानका अध्यक्ष एवं भूतपूर्व सचिव खेमराज नेपालले प्रस्ताव तयार तथा प्रतिवेदन लेखनका विविध पक्षबारे प्रकाश पार्नुभएको थियो । यस तालिममा यसको सैद्धान्तिक तथा व्यवहारिक पक्षको विषयमा विज्ञहरुबाट सहभागीलाई प्रशिक्षण दिइएको थियो । यस तालिमको समापन समारोहमा श्री ५ को सरकारको मुख्य सचिव डा. विमल कोइरालाले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । यस किसिमको तालिम नेपालमा नै पहिलो पल्ट आयोजना गरिएको र यो तालिम पुनः केन्द्रीय र क्षेत्रीय स्तरमा गर्न माँग भइरहेको छ ।

४. अर्धन्यायिक कार्य सम्बन्धी निर्देशिका

यस प्रतिष्ठानले काठमाडौं महानगरपालिका, ललितपुर तथा बिराटनगर उपमहानगरपालिका र मध्यपूर थिमी नगरपालिकाको सहयोगमा ती निकायहरुको अर्धन्यायिक कार्य व्यवस्थित गर्न निर्देशिका तयार गर्ने कार्य गरेको छ । यो निर्देशिका विशेषतः स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा प्रावधान भए बमोजिम नगरपालिकाको न्यायिक अधिकारलाई सूदृढ बनाउनको निम्ति तर्जुमा गरिएको हो । हालसम्म नगरपालिकामा न्यायिक कार्यको प्रकृयागत

विषयवस्तु सम्बन्धमा प्रकाशनहरु नरहेको तथा प्रकृयागत र ढाँचागत अस्पष्टताले गर्दा काममा ढिलाई हुने भएको अवस्थामा यस निर्देशिकामा निवेदन तथा भर्पाईका ढाँचा, मुद्दा दर्ता किताब, तारिख पर्चाका ढाँचा र अन्य नगरपालिकासँग सम्बन्धित अर्धन्यायिक काम कारबाहीका फर्मेटहरु प्रस्तुत गरिएको छ । यसबाट नगरपालिकामा प्रकृयागत कार्यहरु छोटिन गई जनताले छिटो सेवा पाउने अपेक्षा गरिएको छ ।

५. आवधिक जिल्ला विकास योजनाको मद्यावधिक समीक्षा

यस प्रतिष्ठानले जिल्ला विकास समिति भक्तपुरले आ.व. २०५८।०५९ मा तयार गरेको भक्तपुर जिल्ला विकास समितिको ५ वर्षे आवधिक योजनाको मध्यावधि समीक्षा गर्ने कार्य सम्पन्न गरेको छ । यस समीक्षाको निम्ति त्यस जिल्ला विकास समितिले शुरु गरेको आवधिक योजनाको विस्तृत अध्ययन गरी त्यसमा हासिल भएका उपलब्धीहरुको समीक्षा गरी त्यस योजनाको बाँकी अवधिको निम्ति लक्ष्य तथा सूचकहरुको पहिचान गर्नु रहेको छ । यस आवधिक योजनाको मध्यावधि समीक्षाको कार्य प्रतिष्ठानको प्राविधिक सहयोग सम्पन्न भएको छ ।

६. शहरी गरिबी न्यूनीकरण रणनिति निर्माण सम्बन्धी कार्य सम्पन्न

शहरी गरीबी न्यूनीकरण रणनीति तयार गर्नको निम्ति नेपाल नगरपालिका संघसँग यस प्रतिष्ठानको सम्झौता भए बमोजिम सो कार्य सम्पन्न गरिएको छ । यस प्रकारको रणनीति तयार गर्न नगरपालिकाहरुलाई वर्गीकरण गरी तीन चरणमा गोष्ठीहरु संचालन गरी प्रत्येक गोष्ठीबाट सघन रुपमा स्थानीय स्तरको रणनीति पत्र तयार गर्नको निम्ति ३ नगरपालिकाको छनौट गरिएको छ । क्षेत्रिय गोष्ठीहरु पोखरा, बुटवल र काठमाडौमा भएको थियो र कलैया, जनकपुर नगरपालिका र बिराटनगर नगरपालिका सघन रुपमा रणनीति पत्र निर्माण गर्ने नगरपालिकाको रुपमा छनौट भएको थियो । गोष्ठीहरुमा प्रतिष्ठान, राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालयबाट शहरी गरीबी न्यूनीकरण अवधारणासम्बन्धी कार्यक्रमहरु प्रस्तुत गरिएको थियो । साथै यस सम्बन्धमा प्राप्त भएका विभिन्न अनुभवहरुको प्रस्तुतीकरणको कार्य लुमन्ती गाउँ नगर साझेदारी कार्यक्रम (रुप), UDLE बाट प्रस्तुत गरिएको थियो । यी तिन नगरपालिकाहरुले तथ्यांकमा आधारित भई रणनीति निर्माण गर्ने कार्यको गोष्ठी समेत स्थानीय स्तरमा सम्पन्न गरिएको थियो । यस कार्यक्रमको अन्तिम चरणको रुपमा काठमाडौंमा मंसिर २७ मा एक राष्ट्रिय गोष्ठीको आयोजना समेत सम्पन्न भएको थियो । यस कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्माले गर्नुभएको थियो भने केन्द्र स्तरका अन्य सरोकारवालाहरुको शहरी गरीबी एक गम्भीर बिषय भएको तथा अब बन्ने योजनाहरुले यस बिषयलाई सम्बोधन गर्न सक्नुपर्ने बिचार राख्नुभएको थियो । यस कार्यक्रमबाट नगरपालिकाहरुले शहरी गरिवी न्यूनीकरण गर्न रणनिती निर्माण गर्न सहयोग पुर्‍याउने अपेक्ष गरिएको छ ।

७. लघु उद्यम विकास कार्यक्रमको अन्तरिकीकरण कार्यविधि तयार

यस प्रतिष्ठानले लघु उद्यम विकास कार्यक्रम (MEDEP) सँग त्यस कार्यक्रमलाई जिविस वा अन्य सम्बन्धित निकायहरुसँग आन्तरिकीकरण गर्न निर्देशिका तयार गरि मस्यौदा प्रतिवेदन बुझएको छ । यस कार्यविधिमा जिल्लामा लघु उद्यम कार्यक्रम आन्तरिकीकरण गर्नको निम्ती आवश्यक संरचना, योजना तर्जुमा प्रक्रिया, कोषको व्यवस्थापन तथा यस कार्यक्रमको दिगोपनका प्रक्रियाहरु समावेश गरिएका छन् । यस निर्देशिका तयार गर्ने सिलसिलामा जिल्ला

स्तरमा अन्तरक्रिया गर्ने क्रममा पर्वत,म्याग्दी, धनुषा र सुनसरी जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरि राय सुझाव संकलन गरिएको थियो ।

८. स्थानीय निकाय सम्बन्धी कार्यविधिहरु निर्माण

यस प्रतिष्ठानले स्थानीय निकायको कार्यप्रणालीलाई व्यवस्थित गर्न र प्रक्रियाहरु निर्धारण गर्न विभिन्न प्रकारको कार्यविधिहरुको निर्माण गरी स्थानीय विकास मन्त्रालयमा बुझाएको छ । यस कार्यको निम्ति विकेन्द्रित वित्त व्यवस्था तथा विकास कार्यक्रम (DFDP) बाट जिविस महासंघ मार्फत आवश्यक आर्थिक सहयोग प्राप्त गरेको थियो । यस प्रतिष्ठानले तयार गरेका कार्यविधिहरु निम्न लिखित छन् :-

(क) स्थानीय निकायको योजना तर्जुमा र प्राथमिकीकरण कार्यविधि, २०६२

(ख) आर्थिक प्रशासन कार्यविधि, २०६२

(ग) उपभोक्ता समिति गठन तथा आयोजना सन्चालन कार्यविधि २०६२

(घ) स्थानिय निकायको सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०६२

(ङ) भौतिक संरचना संचालन एंव संभार कार्यविधि, २०६२

यी कार्यविधिहरु निर्माण गर्दा स्थानीय विकास मन्त्रालय, रा.यो.आयोगका निर्देशिकाहरु, सम्बन्धित ऐन नियमावली विद्यमान व्यवस्थालाई आधार मानिएको छ । यस कार्यविधि उपर कार्यशाला मार्फत सम्बन्ध-पत्रहरुको सुझावलाई अन्तिम रुप दिइएको थियो । यस कार्यविधिको निर्माणको क्रममा जिविस ललितपुर र जिविस रुपन्देहीको भ्रमण गरी सुझाव संकलन गरिएको थियो ।

९. नगरपालिकाको खानेपानी तथा विद्युत आपूर्तिमा सार्वजनिक निजी साझेदारी सम्भावनाको अध्ययन

यस प्रतिष्ठानले शहरी वातावरणको निम्ति सार्वजनिक निजी साझेदारी कार्यक्रम (PPPUE/UNDP) को सहयोगमा नगरपालिकामा खानेपानी र विद्युत आपूर्तिमा सार्वजनिक निजी साझेदारीको सम्भावना अध्ययन गरेको थियो । अध्ययनमा खानेपानी तथा विद्युतका हालका ऐन नियमहरु, स्थानीय निकायको ऐन नियममा भएका यस सम्बन्धी व्यवस्थाहरु, नगरपालिकाको संस्थागत संरचनाको अध्ययन गरी यस विषयमा सार्वजनिक निजी साझेदारीको सम्भावनाको अध्ययन गरी उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ । अध्ययनको सिलसिलामा विराटनगर उपमहानगरपालिका, भक्तपुर र बुटवल नगरपालिकाको विस्तृत अध्ययन गरिएको थियो ।

१०. भन्सार मूल्यांकनबाट हुने राजस्व चुहावट समस्यालाई समाधानका उपाय सम्बन्धी अध्ययन

यस प्रतिष्ठानले राष्ट्रिय सतर्कता केन्द्रसित सम्झौता गरी भन्सार मूल्यांकनबाट हुने राजस्व चुहावट समस्या र समाधानका उपाय सम्बन्धी कार्यको अध्ययन र विश्लेषण गरी सुझावहरु समेत समावेश गरी प्रतिवेदन तयार गरेको छ । यस प्रतिवेदनमा भन्सार सम्बन्धी विद्यमान् व्यवस्था मूल्यांकन प्रक्रिया, यसबाट राजस्वमा हुने चुहावटका समस्या, भन्सार मूल्यांकनमा अन्तरराष्ट्रिय मापदण्ड, विभिन्न मामिला अध्ययन तथा सुझावहरु समावेश गरिएको छ । यस

प्रतिवेदनमा भएका सुझावहरु समन्वयन गरी नेपाल सरकारलाई यस सम्बन्धमा रहेका समस्याहरु समाधान गर्न सघाउ पुऱ्याउनेछ ।

११. राजस्व प्रशासनलाई सुदृढीकरण गर्नको लागि भएका अध्ययन अनुसन्धानको प्रतिवेदनको समीक्षा

यस प्रतिष्ठानले राजस्व प्रशासन संगठनात्मक संरचना सुधार कार्यदलसित सम्झौता गरी यो प्रतिवेदन तयार गरेको हो । यस प्रतिवेदनमा राजस्व प्रशासनका क्षेत्रमा हालसम्म विभिन्न आयोग, समिति तथा कार्यदल मार्फत भएका अध्ययन प्रतिवेदनको विस्तृत अध्ययन गरिएको थियो । यसै गरी अध्ययन प्रतिवेदनको विश्लेषण पञ्चवर्षीय योजनामा सुशासन सम्बन्धी व्यवस्था बजेट वक्तव्यहरुको अध्ययन, कार्यान्वयन हुन नसकेका बिषयहरुको पहिचान तथा आगामी दिनमा चाल्नुपर्ने कदमहरु समेटी यस प्रतिवेदन तयार गरिएको छ ।

विविध गतिविधिहरु :-

⇒ प्रतिष्ठान मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको छ ।

⇒ यस प्रतिष्ठानबाट वर्षको कुनै एक दिनलाई स्वायत्त शासन दिवस मनाउने सम्बन्धी भएको निर्णय अनुसार विभिन्न विज्ञ तथा संस्थाहरुको राय सल्लाहरु सुझाव प्राप्त गर्नको निम्ति पत्राचार गरिएको छ । यस सम्बन्धी रायहरु यस प्रतिष्ठानमा प्राप्त भैरहेको छ र आगामी दिनमा यस बिषयमा छलफल गरी सो दिन एकिन गरिनेछ ।

⇒ यस प्रतिष्ठानले पश्चिम तराई गरीबी निवारण परियोजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ ।

⇒ यस प्रतिष्ठानले जनआन्दोलन प्राथमिक उपचार कोषमा घाइतेहरुको उपचारार्थ रु. १०,०००।- दश हजार सहयोग प्रदान गरेको छ ।

⇒ शासकीय अनुगमन तथा सुशासनको निम्ति कार्य गर्ने उद्देश्यले गठन भएको सुशासनका निम्ति नागरिक समाज संजाल नेपाल (CIGNET) को यस प्रतिष्ठान संस्थापक सदस्य रहेको छ ।

⇒ यस प्रतिष्ठानले अन्तरिम संविधान मस्यौदा समितिलाई अन्तरिम संविधानमा स्थानीय निकाय सम्बन्धी प्रावधान राख्नको निम्ति सुझाव पेश गरेको छ ।

⇒ यस प्रतिष्ठानले स्थानीय विकास कोष भक्तपुरसित सम्झौता गरी गाउँ विकास समिति कार्यक्रमको प्रभाव मूल्यांकन गरी प्रतिवेदन पेश गरेको छ । यसमा भक्तपुर जिल्लाका सुडाल, चित्तपोल र चाँगु नारायण गाविसको तथ्यांक संकलन गरी अध्ययन गरेको थियो ।

⇒ यस प्रतिष्ठानले भ्रष्टाचार विरुद्ध नागरिक समाज परियोजना आयोग (CSACP Pro-Public) सित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सिफारिस भएको विभागीय कारबाहीको प्रभावकारिता अध्ययन गर्न सम्झौता गरि शुरु गरेको छ ।